**बैठक संख्या २०**

आज मिति २०७५ साल बैशाख ०५ गतेका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवं नगर प्रमुख श्री बासुदेव घिमिरेज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिलका निर्णयहरु गरियो ।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री बासुदेव घिमिरे | नगर कार्यपालिका अध्यक्ष | |
| २ | नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य | |
| ३ | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य | |
| ४ | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य | |
| ५ | श्री टक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य | |
| ६ | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य | |
| ७ | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य | |
| ८ | श्री सुखदेव न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| ९ | श्री दुर्गाप्रसाद पाण्डे | नगर कार्यपालिका सदस्य | |
| १० | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य | |
| ११ | श्री नारायण न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १२ | श्री व्यास मुनी थारु | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री दान बहादुर चौधरी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री राधा शाही | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य | |
| २६ | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| २७ | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य | |
| २८ | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सदस्य सचिव | |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(२० औं बैठक)

१. तिलोत्तमा नगरपालिकाको मणिग्राममा ईलाका प्रशासन कार्यालय स्थापनाका लागि माग गर्ने सम्बन्धमा ।
२. नीति तथा कार्यविधि पास गर्ने सम्बन्धमा ।
३. शहरको फूल सम्बन्धमा ।
४. राजस्व परामर्श समितिमा कार्यपालिकाबाट दुई जना सदस्यहरु मनोनित गर्ने सम्बन्धमा ।
५. भूपू कल्याणकारी क्लबको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा ।
६. आर्थिक वर्ष २०७५।०७६ बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा ।
७. बजेट व्यवस्थापन सम्बन्धमा ।
८. आचार संहिताको पालना गर्ने सम्बन्धमा ।
९. चालु आर्थिक वर्षको हालसम्मको आम्दानी खर्चको विवरणका सम्बन्धमा ।
१०. "**सडक तथा भवन निर्माण मापदण्ड समिति**", "प्राविधिक समिति"का निणयहरु अनुमोदन र नक्सा सम्बन्धमा ।
११. शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं १**

- स्थानीय सरकारका कामहरुलाई अझ प्रभावकारी तवरले सम्पादन गर्न र गृह प्रशासनबाट प्रदान गरिने सेवा सुविधाहरु नजिकको स्थानबाट नागरिकलाई प्रदान गर्नको लागि तिलोत्तमा नगरपालिकाको मणिग्राममा ईलाका प्रशासन कार्यालय स्थापना गर्नको लागि माग गर्न नेपाल सरकार, गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, ५ नं. प्रदेश र जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं २**

- नगर प्रमुख श्री बासुदेव घिमिरेद्धारा पेश गरिएका देहाय बमोजिमका "तिलोत्तमा नगरपालिका नीति र कार्यविधिहरु" माथि छलफल पश्चात प्राप्त भएका सुझाव सहित पारित गर्ने निर्णय गरियो ।
  - तिलोत्तमा नगरपालिकाको "सार्वजनिक नीजि साझेदारी नीति" २०७४,
  - तिलोत्तमा नगरपालिकाको फोहोरमैला व्यवस्थपन तथा प्लाष्टिकका झोला निषेधित गर्ने कार्यविधि २०७४ सम्बन्धमा ।
  - "घ" बर्गको निर्माण व्यवसायीलाई इजाजत दिने कार्यविधि २०७४ ।
  - तिलोत्तमा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४,
  - तिलोत्तमा राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४,

**निर्णय नं ३**

- राष्ट्रिय तथा अन्तराष्ट्रिस्तरमा तिलोत्तमा नगरपालिकको अलग पहिचान (Unique Identity) स्थापना गराउन, नगरको सौन्दर्यता अभिवृद्धि गर्न र नगरबासीको बातावरण मैत्री र सौन्दर्यता अभिवृद्धि प्रयासलाई नगरको विकासमा जोड्नको लागि **बेगन बेली** फुललाई नगरको फुल (City flower) रुपमा घोषणा गरी देहाय बमोजिमका व्यवस्था गर्ने निर्णय गरियो ।

- नगरको मुख्य कार्यालय, वडा कार्यालय, विषयगत कार्यालय, स्कूल, विद्यालय, र क्याम्पस लगायतका सबै प्रकारका संगठिन संघसंस्थाको परिसरमा आकर्षक डिजाईमा उक्त फुल रोप्ने व्यवस्था मिलाउन संघसंस्थालाई आव्हान गर्ने ।
- नगरपालिकाकाको आफ्नै स्थामित्वमा रहेका कार्यालयको परिसरमा स्थानीय स्रोत परिचालन गरी गार्डेनिङ्ग गर्ने, नियमित सरसफाईको भरपर्दो व्यवस्था मिलाई सरसफाई र हरियाली प्रवर्द्धन कार्यक्रमलाई सस्थागत गर्ने ।
- नगरका सार्वजनिक स्थान, राजमार्ग तथा सहायक राजमार्ग, शाखा सडक, मूल चोक, सहायक चोक, प्रत्येक घर, टोल, वस्ति लगायतका स्थानहरुमा सिटी फूल रोप्नलाई अभियानात्मक रुपमा नगरबासीहरुलाई प्रोत्साहित गर्ने

**निर्णय नं ४**

- तिलोत्तमा नगर कार्यापालिका सदस्यद्वय श्री तामानाथ पाण्डे र राधा शाहीलाई नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को दफा ५.२.१ बमोजिमको राजस्व परामर्श समितिको सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

- भूपू कल्याणकारी क्लव, तिलोत्तमालाई वार्ड नं ४ अवस्थित श्रृङ्गेश्वरधामको पश्चिम उत्तरतर्फको तिनाउ नदिको उभार क्षेत्रमध्ये करिव आठ कठ्ठा जग्गा सामुदायिक प्रयोगको लागि वडा समितिको कार्यालयको सिफारिस बमोजिम अन्तरिम व्यवस्थापन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

- आर्थिक वर्ष २०७५।०७६ को बजेट, नीति तथा कार्यक्रम निर्माण हुने क्रममा रहेको हुँदा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, (परिमार्जित) २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ लाई सन्दर्भ सामाग्रीको रुपमा लिदै नगरपालिकाको बजेट निर्माणका लागि आवश्यक परामर्श सात दिनभित्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

- चालु आ.ब.को बजेट शीर्षकमा देहाय बमोजिम हेरफेर गरियो ।
    - नगरपरिषदबाट आ.व. २०७४।०७५ का लागि सि.नं. ७.६ को क्रमसंख्या १८ मा हाटवजार तथा विभिन्न सडक ग्राभेल शिर्षकमा विनियोजित रकमबाट तपसिलमा उल्लेखित निर्माणकार्य गर्ने निर्णय गरियो ।
        1. मनकामना पथ तिलोत्तमा २ मा रु. १,००,०००।
        2. शान्ती नमुना मा.वि. मणिग्रामको वगलमा रहेको हाटबजारको विकल्प दिनु पर्ने भएकोले गोरकट्टा सुन्दरवस्तीमा हाटबाजर संचालन गर्न रु. २,५०,०००।
        3. खेरिया मेजर टोलमा कल्भट निर्माण तिलोत्तमा १४ रु. १,००,०००।
        4. बरौलिया नाली निर्माण तिलोत्तमा १७ रु. २०००००।
    - यस नगरपालिकाको संयुक्त वडा कार्यालयबाट सेवा प्रदान गर्दै आईरहेकोमा सम्बन्धित वडाबाटै सेवा प्रदान गर्ने गरी अलग अलग स्थानमा वडा कार्यालय, संचालन गर्दा कार्यालयको कार्यबोझ अनुसार विभिन्न शाखा, विभागको काम सम्पादन गर्ने स्थान निर्माण गर्न तपसिलमा उल्लेखित पुजिगत खर्च शिर्षकमा थप बजेट व्यवस्था गर्नु पर्ने भएकोले आ.व. २०७४।०७५ को स्वीकृत भवन निर्माण शिर्षकमा विनियोजत भएको संशोधित बजेट रु. १,५५,००,०००। रकम मध्येबाट रु. ५५,००,०००। बजेट घटाई रु. १,००,००,०००। कायम गर्ने र उक्त रु.

५५,००,०००। रकम मध्येबाट निम्नानुसारको योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | मेशिनरी औजार | रु. २०,००,०००। |
| २. | इन्टरनेट व्यवस्थापन | रु. ५,००,०००। |
| ३. | फर्निचर खरिद | रु. ७,००,०००। |
| ४. | विद्युत पोल थप | रु. ३,००,०००। |
| ५. | एकिकृत सम्पत्ति कर लागु गर्न करघरधुरी सर्वेक्षण | रु. २०,००,०००। |
| | जम्मा | रु. ५५,००,०००। |

निर्णय ८

- कार्यपालिकाका सदस्य भविलाल भुसालले सम्मानित कार्यपालिका बैठकले गरेका महत्वपूर्ण निर्णय (सामुदायिक विद्यालयको मर्जको सम्बन्धमा) का विरुद्धमा गलत अभिव्यक्तिहरु दिदै आएको हुदा आचार संहिता अनुगमन समितिको परामर्शमा सचेत गराउने निर्णय गरियो ।

निर्णय नं ९

- चालु आ.ब. ०७४।०७५ को चैत मसान्त सम्मको देहाय वमोजिमको आम्दानी तथा खर्च विवरण उपर छलफल गरियो ।

**आम्दानी र खर्चको विवरण**

| आम्दानी तर्फ | | | |
|---|---|---|---|
| विवरण | वार्षिक लक्ष्य | हालसम्मको आम्दानी | आम्दानी प्रतिशत |
| आन्तरिक आम्दानी | १४००००००००।०० | ८७५८०१८८।०० | ६२।५६ |
| नेपाल सरकार अनुदान | ५३८७४९०००।०० | ५६६१९००००।०० | १०५।०९ |
| अन्य अनुदान | १३६२०००००।०० | ९२७८८०००।०० | ६८।१३ |
| जम्मा आम्दानी | ८१४९४९०००।०० | ७४६५५८१८८।०० | ९१।६१ |
| अ.ल्या | १९२००६६८९।९८ | १९२००६६८९।९८ | १००।०० |
| दाखिला गर्न बाकी कर | | ०।०० | ०।०० |
| जम्मा आम्दान अ.ल्या सहित | १००६९५५६८९।९८ | ९३८५६४८७७।९८ | ९३।२१ |

| खर्च तर्फ | | | |
|---|---|---|---|
| विवरण | वार्षिक लक्ष्य | हालसम्मको खर्च | खर्च प्रतिशत |
| **चालू खर्च** | ११८२०००००।०० | ३७७८५०९६।३२ | ३१।९७ |
| आन्तरिक चालू खर्च | ५७४०००००।०० | २२५१३९२२।९२ | ३९।२२ |
| बाहृय श्रोत चालू खर्च | ६०८००००।०० | १५२७११७३।४० | २५।१२ |
| **पूजिगत खर्च** | ५६९६४९६८९।९८ | १६८०६०४९१।२१ | २९।५० |
| आन्तरिक पूजिगत खर्च | २५०९६९८२२।१८ | ७३०५१४८६।२६ | २९।११ |
| बाहृय श्रोत पूजिगत खर्च | ३१८६७९८६७।८० | ९५००९००४।९५ | २९।८१ |
| **अन्य खर्च** | ३१९१०६०००।०० | २३३१३७१८३।९० | ७३।०६ |
| एल.जि.सि.डि.पि. चालु खर्च | २६०००००.०० | ७५२५८०.०० | २८।९५ |
| एल.जि.सि.डि.पि. पुजिगत खर्च | ६०००००.०० | ३८८७२०.०० | ६४।७९ |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा खर्च खाता | १३००००००००.०० | ९१६१८०००.०० | ७०।४८ |
| शिक्षा तर्फको खर्च खाता | १५६८०९०००.०० | १२०८९२६६०.०० | ७७।१० |
| स्वास्थ्य तर्फको खर्च खाता | २४३९८०००.०० | १८३८७२४१.२० | ७५।३६ |
| आर्युवेद तर्फको खर्च खाता | १६९९०००.०० | १०५८४८९.७० | ६२।३० |
| सडक बोर्ड कार्यक्रम | ३००००००.०० | ०.०० | ०।०० |
| विविध विशेषकोष खातामा सारेको | | ३९४९३.०० | ०।०० |
| **जम्मा खर्च** | **१००६९५५६८९।९८** | **४३८९८२७७१।४३** | **४३।६०** |
| बैक मौज्दात | ० | ४९९५६५१०५।२१ | ० |
| नगद | ० | १७००१।३४ | ० |
| **कूल जम्मा** | **१००६९५५६८९।९८** | **९३८५६४८७७।९८** | **९३।२१** |

**निर्णय नं १० : "सडक तथा भवन निर्माण मापदण्ड समिति"** र "प्राविधिक समिति"को निम्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१. **मिति २०७४।०५।२८**

- पुरानो स्कुल, कलेज र हस्पिटलहरुको structural analysis गरेर मात्र नक्सा पास प्रक्रिया अगाडि बढाउने ।
- नक्सा पास गर्दा MRT भित्र परेका घरहरु बाहेकका घरहरुलाई structural analysis गर्नुपर्ने ।

२. **मिति २०७४।०८।२९**

- यस नगरपालिका भित्र रहेका हरेक बाटोहरुको नामाकरण र प्रत्येक घरको नम्बरिङ्ग गर्न आवश्यक रहेकोले उक्त कार्यको लागि वजेट विनियोजन आगामी आ.व. मा गर्ने ।
- पुराना घरहरुको सन्दर्भमा ३ फुट सम्मको छज्जा कुलो तर्फ परेको भएमा छज्जा हटाई नक्सा पास गर्ने ।

३. **मिति २०७४।१०।५**

- नक्सामा कायम भएको भन्दा वढि जग्गा ओगटेर वनेका घरहरुलाई सोहि अनुसार दर्ता गरी बैकिङ प्रक्रिया र वेचविखनका लागि मात्र अगाडि बढाउने साथै २०७५ असार मसान्तसम्म पुनः नापी गरी विवरण अद्यावधिक गर्ने कार्यलाई अगाडि बढाउने ।
- भै.लु. भु.ज नहर ३० फुट कायम गरी मापदण्ड अनुसार सेटव्याक छोडि घरनक्सा पास गर्ने व्यवस्था मिलाउने ।
- वडाध्यक्षबाट प्राप्त सिफारिस अनुसार घर पुरानो भए/नभएको एकिन गरी नक्सा पास प्रक्रिया अगाडी बढाउने ।
- नगरपालिका क्षेत्रभित्र रहेका लगत कट्टा नभएका ऐलानी तथा सार्वजनिक जग्गा बाटोमा परिणत भए/नभएको बारे एकिन गर्नको लागि वडा कार्यालयको सिफारिस र अमिन प्रतिवेदन अनुसार नक्सापास अगाडि वढाउने ।
- बाटोको लगतकट्टा सानो चौडाईमा भएता पनि फिल्डमा बाटोको चौडाई बढि रहेको साथै बाटोको दायाँबायाँ कित्ता एकिन गर्दा नक्सा अनुसार नै पिछाड रहेकोमा अमिनको प्रतिवेदन अनुसार अगाडि बढाउने व्यवस्था मिलाउने ।

- पुराना घरहरुको हकमा तला थपको स्वीकृति दिदा बाटोको मापदण्ड पुऱ्याउनु पर्ने साथैं कुला तर्फ तला बढाउन परेमा कुलोको भाग बाहेक अन्य सेटव्याक छाड्न नपर्ने तर कुलोको भागतर्फ झ्याल राख्नुपरेमा ३ फुट छाडि निर्माण गर्न व्यवस्था मिलाउने ।
- दोहोरो मोहडामा घर परेको अवस्थामा फिल्ड सर्जमिन गर्दा एकातर्फबाट नाप्दा नक्सा अनुसार रहेको र अर्को तर्फबाट नाप्दा फरक परेको खण्डमा अमिनको प्रतिवेदन अनुसार सम्पुर्ण व्यहोरा खोली नक्सा पास प्रक्रिया अगाडि बढाउने ।
- पहिलो नगर सभा हुनुभन्दा अगावै खोलिएका तर लगत कट्टा नभएका बाटोहरुको सन्दर्भमा साँविककै चौडाई बमोजिम हुनेगरि वडाध्यक्षबाट यकिन गरी सिफारिस गरेमा सोहि बमोजिम लगत कट्टा गर्नका लागि नापि कार्यालयमा लेखि पठाउने ।
- नर्सरी विद्यालय, प्राथमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालयको सन्दर्भमा अधिकत्तम ग्राउण्ड कभरेज ४० प्रतिशत र अधिकत्तम फ्लोर एरिया रेसियो १.५ हुने गरी निर्माण गर्नुपर्ने व्यवस्था मिलाउने ।

४. **मिति २०७४।१२।०२ गते**

- राजमार्गमा मोहडामा पर्ने गरी कच्ची संरचना निर्माण गर्दा ६ मिटर सेटव्याक छाडि निर्माण गर्ने ।
- कच्ची घरको सन्दर्भमा तपसिल बमोजिमको मापदण्ड कायम गर्ने ।

| | ग्राउण्ड कभरेज | सेटव्याक | फ्लोर एरिया रेसियो |
|---|---|---|---|
| आवासिय | ७०% | ५ फिट | २.५ |
| व्यापारिक | ७०% | ६.५ फिट | ३ |

- २०७५ आषाढ मसान्त पछि नगरपालिका क्षेत्र भित्र पर्ने **ऐलानी र लालपुर्जा भएको जग्गा** तथा **सार्वजनिक र लालपुर्जा भएको जग्गामा** पर्ने घरहरुको सम्पूर्ण व्यहोरा खोलि स्वयं जग्गाधनी र घरधनीमा नै जिम्मेवारी रहने गरि अभिलेख अद्यावधिक गर्ने ।

**"प्राविधिक समिति" को बैठकबाट पास भएका निर्णयहरु:**

५. **मिति २०७४।०६।२५**

- यस नगरपालिका क्षेत्रभित्र रहेका पुराना घरहरुको जग्गाको क्षेत्रफल र सडकको चौडाईमा अस्पष्टताको कारणले रोकिएका विभिन्न फाईलहरुलाई संधियारको नाममा १५ दिने सूचना जारि गरि कुनै अवरोध नआएमा बढि हुन आउने जग्गालांई बाटो तर्फ छोडि नक्सा पास प्रक्रिया अगाडि बढाउने ।

६. **मिति २०७४।१२।१६**

- फाईल नं. ४९३० मा रहेको दिलमाया क्षेत्रीको नाममा रहेको जग्गाको कित्ताकाट पश्चात बाँकी रहेको जग्गाको क्षेत्रफलमा ४% ग्राउण्ड कभरेज कम भएतापनि सोही क्षेत्रफल बमोजिम नक्सापास प्रक्रिया अगाडि बढाउने ।
- फाईल नं. ४०४१ मा रहेको मन बहादुर पुनको निर्माणाधिन भवनको जरिवाना लिएर साथै सेटव्याकमा परेको १ फुट ६ ईन्ची वाल भत्काएर र लिफ्ट साथै पार्किङ्गको व्यवस्था गरेपछि मात्र नक्सापास प्रक्रिया अगाडि बढाउने ।
- फाईल नं. १३४ मा रहेको सिता देवी ज्ञवालीको नाममा रहेको घर साविक गा.वि.स.मा पेश गर्दा २४ फिट ६ ईन्ची मोहडा हुनेगरि नक्सा पेस भई सुपर स्टक्चर सम्मको ईजाजत समेत लगिसकेको तर हाल आएर अमिनको प्रतिवेदन अनुसार २३ फिट मोहडा भएकोले नक्सा पेस अनुसार नै नक्सा पास गर्नका लागि प्रक्रिया अगाडि बढाउने ।

- नगरपालिकामा दर्ता भईसकेका पुरानो स्कुल, कलेज, हस्पिटललाई हाल नियमित मात्र गर्ने साथै नगरपालिकाले पत्राचार गरेको समयमा नियमित गरिएका पुरानो स्कूल कलेज हस्पिटललाई पूर्ण रुपमा भुकम्प प्रतिरोधात्मक बनाई प्रक्रिया अगाडि बढाउने ।
- घर नक्सा पाससम्बन्धी कार्यलाई सहजीकरण एवं व्यवस्थित गर्न देहाय बमोजिमको व्यवस्था गर्ने निर्णय गरियो ।
  - पुरानो घरहरुको हकमा २०७४ चैत्र मसान्त सम्ममा वडा कार्यालयहरुबाट पुरानो घर हो भनि सिफारिस लिई आएकाहरुको नक्सापास दर्ता गर्दा रु. २.५० प्रति sq.ft. र अन्य पुराना घरहरुको हकमा पुरानो घर हो भन्ने कागजपत्र खुलेमा रु. ५।- प्रति sq.ft. राजश्व संकलन गर्ने निर्णय गरियो ।
  - पुराना कच्ची घर तथा अस्थायी ट्रस्टहरुका सम्बन्धमा वडा कार्यालयबाट सिफारिस अनिवार्य ल्याउनु पर्ने छ र सिफारिस ल्याएका कच्ची तथा अस्थायी घर/ट्रस्टहरुको नक्सा पास गर्दा रु २.५० प्रति sq.ft. राजश्व संकलन गर्ने निर्णय गरियो ।
  - अब निर्माण हुने नयाँ कच्ची घर तथा अस्थायी ट्रस्टहरु निर्माण गर्नका लागि रु. ३ प्रति sq.ft. राजश्व संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

- नगरसभाका सदस्य एवं वार्ड नं. ७ का वडा समितिका सदस्य श्री केशव थापाका पिता वर्ष ७९ का सन्तबहादुर थापा को मिति २०७४।१२।१६ गते भएको असमायिक निधन प्रति गहिरो शोक प्रकट गर्दै स्व. पिता प्रति श्रद्धान्जली व्यक्त गर्दै सम्पुर्ण सोक सन्तप्त परिवारजन प्रति यो बैठक हार्दिक समवेदना व्यक्त गर्दछ ।